# लोक सेवा आयोग

## कमलपोखरी, काठमाडौं

# प्रेस विज्ञप्ती

लोक सेवा आयोगबाट प्रकाशन हुने विज्ञापनमा दरखास्त दिने उम्मेदवारको सहजता र आयोगको प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू छिटोछरितो सम्पादन गर्न वि.सं. २०७१ साल देखि Public Service Recruitment Management System (PSRMS) नामक अनलाइन प्रणाली सरकारी एकीकृत डाटा सेन्टर (Government Integrated Data Center - GIDC) को पूर्वाधारमा होष्ट गरी सञ्चालन गर्दै आएको छ । यस प्रणालीबाट आयोगको कार्यसम्पादन प्रभावकारी बन्नुका साथै उम्मेदवारहरूले दरखास्त पेश गर्ने, परीक्षा दस्तुर तिर्ने र प्रवेश पत्र प्रिन्ट गर्ने लगायतका सेवा सहज रूपमा प्रयोग गर्दै आएकोमा मिति २०७९ फागुण २३ गते देखि GIDC को storage प्रणालीमा देखिएको समस्याले लोक सेवा आयोगको अनलाइन प्रणाली अवरूद्ध भएको छ ।

उक्त कारणबाट वि.सं. २०७९ साल मंसीर महिनामा प्रकाशित रा.प.तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह को पदको विज्ञापन, पौष महिनामा प्रकाशित रा.प. अनं. प्रथम श्रेणी अप्राविधिक नायव सुव्वा वा सो सरह पदको विज्ञापन र माघ महिनामा प्रकाशित रा.प. अनं प्रथम श्रेणी (प्राविधिक) नायव सुव्वा वा सो सरह र स्वास्थ्य सेवा तर्फ पाँचौ तहको पदको विज्ञापनमा पेश भएका दरखास्त सम्बन्धी विवरणमा आयोगले पहुँच (access) पाउन नसकेको अवस्था छ ।

वि.सं. २०७९ साल फाल्गुण २३ गतेको उक्त घटना पछि GIDC सञ्चालन गर्ने राष्ट्रिय सूचना प्रविधि केन्द्रले डाटा रिकभरीको प्रयास जारी राखेको छ भने GIDC कै अर्को पूर्वाधारमा होष्ट गरी आयोगले अनलाइन दरखास्त प्रणाली सञ्चालन गरिरहेको छ । डाटा रिकभरीको प्रयास जारी रहेको भएतापनि राष्ट्रिय सूचना प्रविधि केन्द्रवाट कहिले सम्ममा के कति डाटा रिकभर हुन्छ भन्ने यकिन नभएको जानकारी आयोगलाई प्राप्त हुन आएकोले यस विषयलाई गम्भीरतापूर्वक लिई पूर्व प्रकाशित उक्त विज्ञापनका परीक्षाहरू सञ्चालन गर्न आयोग वैकल्पिक योजनामा काम गरिरहेको छ।

पूर्व प्रकाशित उक्त विज्ञापनमा दरखास्त दस्तुर तिरेको विवरण आयोगसँग सुरक्षित रहेकोले त्यसैका आधारमा दरखास्त दस्तुर तिरिसकेका उम्मेदवारहरूलाई मात्र उचित समय प्रदान गरी थप दस्तुर तिर्न नपर्ने गरी पुनःदरखास्त दिन आव्हान गर्ने र परीक्षा कार्यक्रम परिमार्जन गरी यथाशिघ्र नयाँ परीक्षा कार्यक्रम प्रकाशन गर्ने प्रकृयामा आयोग रहेको छ । आगामी दिनमा यस किसिमको समस्या आउन नदिन ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

**तोयनारायण सुवेदी**
प्रवक्ता/सहसचिव
२०८०/०१/१७